# सभापोखरीगाउँपालिका
## राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

नेपालको संविधान तथा सभापोखरीगाउँपालिकाको सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सभापोखरीगाउँपालिकाको राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, सभापोखरीगाउँपालिकाको राजपत्रमा रहने विभिन्न भागहरूको व्यवस्था गर्न, सभापोखरीगाउँपालिकाकोराजपत्रको नमूना ढाँचा स्वीकृत गर्न यो राजपत्र प्रकासन गरिएको छ ।

सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, सभापोखरीगाउँपालिकाको राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न सभापोखरीगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम सभापोखरीगाउँकार्यपालिकाकाबैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग – १
### प्रारम्भिक

१. **कार्यविधिको नाम** : यस कार्यविधिको नाम**सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७६** रहेको छ ।

२. **कार्यविधि लागू हुने** : यो कार्यविधिसभापोखरीगाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### भाग– २
### सभापोखरीगाउँपालिकाको राजपत्रको भाग र ढाँचा

३. **सभापोखरीगाउँपालिकाको राजपत्रको भागहरूः** सभापोखरीगाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची (१ बमोजिमका भागहरूमा वर्गीकरण गरिएको छ।



स्थानीय राजपत्र

४. **सभापोखरीगाउँपालिकाको राजपत्रको ढाँचा** : सभापोखरीगाउँपालिकाको राजपत्रको ढाँचा अनुसूची (२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्था** : सभापोखरीगाउँपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **सभापोखरीगाउँपालिकाको राजपत्रको संख्या**

(१) सभापोखरीगाउँपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरि पारित वा निर्णय भईप्रकाशनभएकाविषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरू भएपछि नयाँ संख्याबाट शुरू गरिनेछ ।

७. **सभापोखरीगाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने सामग्री** : सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः ऐन भए भाग(१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारी** : सभापोखरीगाउँपालिकाको राजपत्रसभापोखरीगाउँपालिकाको अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा"अध्यक्ष" वा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।



स्थानीय राजपत्र

## भाग - ३

## सभापोखरीगाउँपालिकाको राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

**९. सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशनको जिम्मेवारी**

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कामका लागि कार्य विवरणसहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र सभापोखरीगाउँपालिकाको राजपत्र प्रकाशन गरिनेछ ।

**१०. प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने**

(१) प्रकाशन हुने सामग्रीगाउँकार्यपालिकाको कानूनसम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादनगरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशनगर्नेशाखा/एकाइमा पठाइनेछ ।

**११. सभापोखरीगाउँपालिकाको राजपत्रको अभिलेख व्यवस्थापन**

(१) प्रमाणीकरण भई आएकासामग्रीको अभिलेखदुरूस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिमसभापोखरीगाउँपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनका लागि छट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामाप्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रूपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

**१२. निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेः** गाउँपालिकाले सभापोखरीगाउँपालिकाकोराजपत्रको प्रकाशितप्रति देहायका निकायमा निःशुल्क रूपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा सभापोखरीगाउँपालिकाको मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित सभापोखरीगाउँपालिकाकोविभाग/महाशाखा/शाखार

(ङ) गाउँपालिकाकोप्रत्येक वडा कार्यालय

**१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः** गाउँपालिकाबाट प्रकाशित



सभापोखरीगाउँपालिकाको राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

**१४. बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य**

(१) प्रकाशित सभापोखरीगाउँपालिकाको राजपत्रगाउँपालिकाको वडाहरु र सभापोखरीगाउँपालिकाको तहको सूचना तथा अभिलेखकेन्द्रतथा तोकिएको शाखा वा एकाइमार्फत् बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) सभापोखरीगाउँपालिकाको राजपत्रको देहाय बमोजिमकोबिक्री मूल्य निर्धारण गरिएको छ,

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दावडा कार्यालय वा सभापोखरीगाउँपालिकाबाट बुझिलिने गरीबार्षिक सदस्यताशुल्क लिई बिक्री गरेमा बार्षिक रू. ५९०/- (पाँच सय नब्बेमात्र)

(ख) खुद्रा बिक्री गर्दा सभापोखरीगाउँपालिकाको राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले सभापोखरीगाउँपालिकाको राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एकप्रतिको रू.५ मात्र
- ९ देखि २४ पेजसम्म एकप्रतिको रू.१० मात्र
- २५ देखि ४० पेजसम्म एकप्रतिको रू.१५ मात्र
- ४१ देखि ५६ पेजसम्म एकप्रतिको रू.२० मात्र
- ५७ देखि ७२ पेजसम्म एकप्रतिको रू.२५ मात्र
- ७३ देखि ९६ पेजसम्म एकप्रतिको रू.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रतिपेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**द्रष्टब्य**

माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । सभापोखरीगाउँपालिकाको सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।



स्थानीय राजपत्र

**१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** सभापोखरीगाउँपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिका/गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिका/गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७. बचाऊ :** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।



**अनुसूची- १**

(दफा ३ सँग सम्बन्धित)

**सभापोखरीगाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु**

**भाग(१**

यस भागमा सभापोखरीगाउँपालिकाको सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग(२**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली,निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा सभापोखरीगाउँपालिकाको सम्झौताको व्यहोरा प्रकाशन तहसँग गरिनेछ ।



स्थानीय राजपत्र

**अनुसूची - २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

सभापोखरीगाउँपालिका

## सभापोखरीगाउँपालिकाको राजपत्र

खण्डः_ संख्याः_मितिः _/_/_

**भाग-१**

**सभापोखरीगाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा



**अनुसूची २**

(दफा ४ तथा अनसूची(१ को भाग(२ सँग सम्बन्धित)

सभापोखरीगाउँपालिका

## सभापोखरीगाउँपालिकाको राजपत्र

खण्डः_ संख्याः_ मितिः _/_/_

**भाग-२**

**सभापोखरीगाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को सभापोखरीगाउँपालिकाको तहसँग भएको सम्झौताको व्यहोरा

-ooo-